# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या :२३ मिति : २०७५/०८/२८

## भाग २

## कपिलवस्तु नगरपालिका

## कल्याणकारी स्वास्थ्यकोष व्यवस्थापन कार्यविधि - २०७५

**कार्यपालिकाबाट पारित मिति : २०७५।०८।२८**

**प्रमाणीकरण मिति : २०७५।०८।२८**

१) **प्रस्तावना :**

यस नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने अति विपन्न, अति गरिव तथा गम्भिर स्वास्थ्य समस्या भएका स्थानीय नागरिकहरुको स्वास्थ्यमा सहयोग पुर्‍याउने उद्धेश्य अनुरुप कपिलवस्तु नगरपालिकाको तेस्रो नगरसभावाट कल्याणकारी स्वास्थ्य कोष गठन गरी संचालन गर्न वजेट स्वीकृत भएको हुंदा नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ४ को उपदफा १ वमोजिम नगरकार्यपालिकावाट कल्याणकारी स्वास्थ्यकोष व्यवस्थापन कार्यविधि २०७५

तर्जुमा गरि जारी गरिएको छ । यो कार्यविधि नगरकार्यपालिकाको वैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२) **उद्धेश्यः**

यस कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछ ।

क) नगरपालिका क्षेत्र भित्र स्थायी वसोवास गरेका अति विपन्न, अति गरिव तथा गम्भिर स्वास्थ्य समस्या भएका स्थानीय नागरिकहरुको पहिचान गर्ने ।

ख) पहिचान भएका व्यक्तिहरुलाई स्वास्थ्य सुविधा उपलव्ध गराउने ।

३) **कोषको स्थापना**

क) नगरपालिकाको नगरसभावाट स्वीकृत भई कल्याणकारी स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि विनियोजन भएको रकम

ख) विभिन्न संघ संस्था वा व्यक्तिवाट सहयोगस्वरुप प्राप्त हुने रकम

ग) कोषलाई अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम

४) **कार्यक्षेत्रः**

यस कार्यक्रमको कार्यक्षेत्र कपिलवस्तु नगरपालिकाको १२ वटै वडाहरु हुनेछन् ।

५) **संचालक समितिको गठन**

कोषको व्यवस्थापन तथा संचालन एवं स्रोतको खोजी गर्न तपसिल वमोजिमको संचालक समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| सविता घिमिरे नगरकार्यपालिका | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

६) **कोषको रकम खर्च गर्ने प्रक्रिया तथा मापदण्ड**

स्वास्थ्य कल्याणकारी कोषको रकम निम्नानुसार खर्च गरिनेछ ।

क) कल्याणकारी कोषको रकम प्राप्त गर्न नगरपालिकामा स्थायी वसोवास गरेको हुनुपर्नेछ । तर नगरपालिकाको कर्मचारीको हकमा सो व्यवस्था लागु हुने छैन ।

ख) कपिलवस्तु नगरपालिकामा कार्यरत कर्मचारी, पदाधिकारी एवं अति गरिव, विपन्न, असहाय, जेष्ठ नागरिक, महिला स्वयं सेविका तथा गम्भिर प्रकृतिका रोग मृगौला रोग, मुटु रोग, क्यान्सर, मस्तिस्कघात तथा अन्य रोग लागेका व्यक्तिहरु यस योजनामा समावेश हुनेछन् ।

ग) कोषको रकम सहायतास्वरुप प्राप्त गर्न सरकारी अस्पतालमा सेवा लिएको हुनुपर्नेछ । यो योजना नीजि क्लिनीकको हकमा लागु हुने छैन ।

घ) रोगको प्रकृति हेरि स्वास्थ्य सुविधा उपलव्ध गराइनेछ । यस्तो सुविधा वार्षिक एक पटकभन्दा वढी उपलव्ध हुने छैन ।

ङ) संचालक समितिवाट कल्याणकारी स्वास्थ्यकोषमा विनियोजन गरिएको वजेट रकम खर्च गर्न आवश्यकता र औचित्यता समेतका आधारमा सिफारिस भए अनुसार नगरकार्यपालिकावाट स्वीकृत भए पछि मात्र स्वास्थय सुविधाको रकम उपलव्ध गराइनेछ ।

७) **कोषको खाता संचालन**

कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखत्वाट हुनेछ ।

८) **लेखापरिक्षण**

महालेखापरिक्षकवाट प्रत्येक वर्ष आय व्ययको विवरणको लेखापरिक्षण गराउनु पर्नेछ ।

..............................

आज्ञाले

विमलराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत